(५) अन्तःशुल्क लाग्ने वस्तु गोदाममा राख्ने फिक्ने ।

(६) अन्तःशुल्क लाग्ने वस्तु पैदा गर्ने वा बनाउने व्यक्ति कारखाना-हरूलाई उत्पादनको र सम्बन्धित विषयको स्याहा स्रेस्ता खडा गर्ने, दाखिल गर्ने र जचाउँने ।

(७) यस्तो भाँडामा राखेमा बाहेक यस्तो लेवल वा टिकट नटाँसी वा ब्याण्ड रोल वा छाप नलगाई कुनै अन्तःशुल्क लाग्ने वस्तु बेच्न वा बेच्न राख्न हुँदैन भनी निषेध गर्ने ।

(८) अन्तःशुल्क लिने बुझाउनेबारे ।

आज्ञाले—
तिलकशमशेर,
सेक्रेटरी,—कानूनमन्त्रालय.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १२

मिति २०११।४।७।५

शिक्षामन्त्रालयअन्तर्गत पाटन इन्टरमिडिएट कलेजका निमित्त अंग्रेजीका एक, इतिहासका एक र अर्थशास्त्रका एक जम्मा तीनजना लेक्चरर चाहिएका छन् । उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल आश्विन ७ गते रोज ५ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी,गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छ :—

१. पद—लेक्चरर, गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता—तत्तद् विषयमा एम. ए. पास गरेको ।

३. विशेष योग्यता—सेकेन्ड क्लासमा पास भएका उमेदवारहरू भए बढ़ता बेस ।

४. मासिक वेतन स्केल—मो. रु. १८०—३६० ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मासिक महँगी भत्ता—मोरु. २०।

६. अभ्यास अवधि—६ महिना।

आज्ञाले—

खड्गभान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १३

११—४—८

स्वास्थ्यमन्त्रालय—अन्तरगत मेडिकल डिपार्टमेन्टलाई २ जना मेडिकल अफिसर चाहिएका छन्। उमेदवारले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल आश्विन ७ गते रोज ५ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला। दरखास्तफारामको नमूना प्रत्येक हुलाक, गडी, गौंडा, गोस्वरामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छ:—

१ पद—मेडिकल अफिसर, गजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यता—एम् बी. बी. एस.।

३. मासिक बेतन स्केल—मोरु. १८०।–१६०।

४. मासिक भत्ता —मोरु. २०।

५. अभ्यास अवधि—६ महिना।

६. काम र काम गर्ने ठाउँ—सरकारले खटाएको ठाउँमा गई गर्नुपर्ने मेडिकल अफिसरको र डाक्टरी काम।

७. विशेष सहूलियत—४ भञ्ज्याङबाहिरलाई नसजाएको क्वार्टर पाइने।

आज्ञाले—

खड्गभान मल्ल एम. ए.

सेक्रेटरी–पब्लिक सर्भिस कमिशन, सिंहदरबार.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १४

१५–४–०११

योजना विकाश तथा कृषिमन्त्रालय–अन्तर्गत कृषिविभागका निमित्त एकजना नायब सुब्बा चाहिएको छ। प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल आश्विन १७ गते रोज १ सम्ममा उमेदवारहरूले तलको ठेगानामा दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी. गौंडा, गोस्वारामा पनि पाइने छ।

पदको विवरण यस प्रकारछ:—

१. पद:— ना. सु. स्थायी तथा पेन्शन पाइनेछ।

२. आवश्यक न्यूनतम योग्यता:— म्याट्रिक, सेकेन्ड डिबिजन, नेपाली मध्यम पास। अँग्रेजी राम्रोसँग बोल्न र लेख्न सक्ने हुनुपर्छ।

३. विशेष योग्यता:— ब्यांकिंग अथवा एकाउन्टेन्सी जान्नेलाई विशेषता दिइनेछ।

४. काम:— बही बुझाउने कामको साथसाथै आधुनिक तरीकाबाट अंग्रेजीमा स्याहा स्रेस्ता हिसाब राख्नुपर्ने।

५. मासिक तलब स्केल र भत्ता:—मोरु १२०।–२४०। महँगी भत्ता मोरु १५। बही बुझाउने भत्ता मोरु १५।

आज्ञाले:—

खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

'A'

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।